प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना

## आयोजना कार्यान्वयन एकाइ

कोशी प्रदेश, विराटनगर

### अगुवा कृषक छनोटको लागि निवेदन पेश गर्ने बारेको सूचना

प्रथम पटक सूचना प्रकाशन भएको मितिः २०८१/११/०९

यस आयोजनाको अगुवा कृषक परिचालन कार्यविधि ,२०८१ अनुसार तपसिलमा उल्लेखित स्थानीय तहहरुमा प्रत्येक स्थानीय तहमा ५जनाको दरले अगुवा कृषक छनोट गर्ने कार्यक्रम रहेको हुँदा यस कार्यक्रममा सहभागी हुन ईच्छुक न्यूनतम योग्यता पुगेका कृषकहरुले मिति २०८१/११/२३ गते भित्र उल्लेखित कागजातहरु संलग्न गरी सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| |
|---|
| कार्यक्रम सञ्चालन हुने स्थानीय तहहरुः |
| धनकुटा जिल्ला (धनकुटा नगरपालिका, पाख्रिबास नगरपालिका, महालक्ष्मी नगरपालिका, छथरजोरपाटी गाउँपालिका), भोजपुर (अरुण गाउँपालिका, पौवादुम्मा गाउँपालिका, भोजपुर नगरपालिका), ओखलढुङ्गा (मानेजङ्ग्याङ्ग गाउँपालिका, सुनकोशी गाउँपालिका, चम्पादेवी गाउँपालिका), सोलुखुम्बु (सोलुदुधकुण्ड नगरपालिका, थुलुङ्गदुधकोशी गाउँपालिका, माप्यदुधकोशी गाउँपालिका) |

आवेदन सहित संलग्न गर्नुपर्ने कागजातहरुको विवरण:

(क) कार्यविधिको अनुसूची-३ बमोजिमको निवेदन
(ख) आवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
(ग) कार्यविधिको अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र
(घ) शैक्षिक योग्यता, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रहरुको प्रतिलिपि

अगुवा कृषकको न्यूनतम योग्यता :

१. साधारण लेखपढ गर्न सक्ने।
२. कम्तीमा २ रोपनी जमिनमा फलफूल खेती गरिरहेको।
३. फलफूल बगैंचा नजिकै सिंचाईको श्रोत भएको।
४. फलफूल खेती सम्बन्धी नवीनतम प्रविधिहरु परीक्षण तथा प्रदर्शन कार्यक्रम सञ्चालन गर्न ईच्छुक।
५. सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा भएको।
६. फलफूल खेती सम्बन्धी तालिम लिएको।
७. स्वयंसेवीकोरुपमा सेवा दिन र कार्य गर्न कार्यविधिको अनुसूची ४ बमोजिमको प्रतिवद्धता गरेको।
८. कार्यविधिको अनुसूची ५ बमोजिमको व्यक्तिगत विवरण।

निवेदन फाराम आयोजना कार्यान्वयन एकाइ, सम्बन्धित स्थानीय तहको कृषि शाखामा वा वेबसाईट doad.p1.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ।

अन्य थप जानकारीको लागि आयोजना कार्यान्वयन एकाइ (सम्पर्क नं ९८५२०४०१३९, ९८५२०४०१६२, ९८५२०४०१६३) वा सम्बन्धित स्थानीय तहको कृषि शाखामा सम्पर्क गर्नहुन अनुरोध छ।

-प्रादेशिक आयोजना व्यवस्थापक

प्रादेशिक आयोजना व्यवस्थापक